# भक्तपुर जिल्ला अदालत

भक्तपुर जिल्ला अदालत
भक्तपुर

प.सं.०८०/८१

मिति :- २०८१।०२।११
ने.सं.११४४ वछलागा १,शुक्रवार

Email:- infodcbhaktapur@gmail.com

सूचना !! सूचना !! सूचना !!!

**बिषयः लेखापढी प्रमाणपत्रको परीक्षा सम्बन्धमा**

उपरोक्त सम्बन्धमा लेखापढी व्यवसायीको परीक्षा सञ्चालन समितिको मिति २०८१।०२।०४ को निर्णयानुसार अड्डा अदालतमा लेखापढी गर्ने प्रमाणपत्रका लागि परीक्षा संचालन हुने भएकोले देहाय बमोजिम योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले २१(एकाईस) दिनभित्र दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. आवश्यक न्यूनत्तम शैक्षिक योग्यता:- कम्तिमा एस.एल.सी. वा सो सरह उत्तिर्ण भएको।(ग्रेडिङ प्रणाली लागू भएपश्चात S.E.E. वा सो सरह परीक्षा उत्तिर्ण गर्ने उम्मेदवारको हकमा **GPA 2** वा सो भन्दा माथिको ग्रेड प्वाइन्ट प्राप्त गरेकालाई न्यूनत्तम योग्यता पूरा भएको मानिने छ।)

२. उमेरः- १८(अठार) बर्ष पुरा भएको । ( दरखास्त फारम भर्ने अन्तिम दिन सम्म)

३. दरखास्त दस्तुर रू.१००।-

४. दरखास्त फारमको साथ पेश गर्नु पर्ने कागजातः

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू ।

(ग) तीन प्रति पासपोर्ट साइजको फोटो।

५. परीक्षाको किसिमः लिखित परीक्षा।

६. दरखास्त फारम पाइने स्थानः- भक्तपुर जिल्ला अदालत बार इकाईको कार्यालय ।

७. दरखास्त फारम बुझाउने स्थानः- भक्तपुर जिल्ला अदालत।

८. दरखास्त फारम भर्ने अन्तिम मितिः मिति २०८१।०२।३२ गते सम्म कार्यालय समय भित्र।

९. परीक्षा सञ्चालन कार्यविधि परीक्षा सञ्चालन समितिले तोके बमोजिम हुनेछ।

१०. परीक्षा केन्द्र र मितिः- पछि प्रकाशित गरिनेछ।

परीक्षा सम्बन्धी थप जानकारीको लागि भक्तपुर जिल्ला अदालतको प्रशासन शाखामा सम्पर्क गर्नुहुन।

सदस्य - सचिव
परीक्षा सञ्चालन समिति
भक्तपुर जिल्ला अदालत

# लेखापढी व्यवसायी परीक्षा - २०८१

## परीक्षाको ढाँचा तथा अंकभार

❖ लिखित परीक्षा पूर्णाङ्क - ५०

उत्तिर्णाङ्क -२०

## लिखित परीक्षाको पाठ्यक्रम

१) कानूनी लिखत सम्बन्धी सामान्य सैद्धान्तिक ज्ञान........................................................१०

- कपाली तमसुक, भोग बन्धकी/ दृष्टि बन्धकी, राजिनामा तथा अचल सम्पत्तिको हक हस्तान्तरण, वारेशनामा, ज़ाहेरी दरखास्त, म्याद हदम्याद, तारेख, दर्ताद्वारा विवाह, अदालती दस्तुर, अंशियार, साक्षी सम्बन्धी सामान्य जानकारी ।

२) लेखापढी तथा लिखत सम्बन्धी कानून........................................................१०

- लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१
- लेखापढी व्यवसायी आचार संहिता, २०६४

३) अदालत तथा अन्य सरकारी कार्यालय वा निकायमा प्रयोग हुने लिखतको मस्यौदा........३०

- कपाली तमसुकको मस्यौदा
- भोग बन्धकी दृष्टि बन्धकीको मस्यौदा
- राजिनामा तथा अचल सम्पत्तिको हक हस्तान्तरण सम्बन्धी मस्यौदा
- वारेशनामाको मस्यौदा
- जाहेरी दरखास्तको मस्यौदा
- म्याद/ तारेख थमाउने मस्यौदा
- अदालती दस्तुर दाखिला गर्ने निवेदन
- अंशियार खुलाउने निवेदन
- साक्षी बकपत्रको निवेदन
- मुद्दा फिर्ता/ मिलापत्रको निवेदन
- नामसारी, दाखिल खारेज गर्ने निवेदन
- हाल साबिक गरी पाउँ भन्ने निवेदन
- अंशवण्डापत्रको लिखत तयारी सम्बन्धी
- बकसपत्र सम्बन्धी लिखतहरू
- नक्कल पाउन दिइने निवेदन
- सट्टापट्टाको लिखत/सहमतिपत्र
- स्थानीय तह, जिल्ला प्रशासन कार्यालय लगायतका कार्यालयमा पेश हुने निवेदन ।